निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मिति २०७८।११।१०

# प्रेस विज्ञप्ति

## मतदाता परिचयपत्र सम्बन्धमा

स्थानीय तह निर्वाचन, २०७९ का लागि आयोगले विगतका निर्वाचनहरुमा जस्तै मतदाता परिचयपत्र तयार गरी वितरण गर्ने कार्यक्रम रहेको छ । सो अनुसार विगतका निर्वाचनमा मतदाता परिचयपत्र प्राप्त गरेका मतदाताले मतदाता परिचयपत्र विभिन्न कारणले नष्ट भएको, हराएकोले पुनः बनाउनु पर्ने भनी आफ्नो वडा कार्यालयको सिफारिस सहित निर्वाचन कार्यालयमा निवेदन दिएमा आयोगबाट त्यस्ता मतदाताको परियपत्र बनाउने भन्ने निर्णय भएकोमा मतदाता परिचयपत्र सिफारिशका लागि कतिपय स्थानीय तहबाट दस्तुर समेत लिएको भन्ने जानकारी प्राप्त भएको सन्दर्भमा आयोगबाट मिति २०७८।११।१० मा देहाय बमोजिम निर्णय भएको छ ।

(क) आयोगको मिति २०७८/११/०५ को निर्णय बमोजिम विभिन्न कारणले परिचय पत्र नष्ट भएका वा हराएका परिचयपत्र पुनः बनाउनुपर्ने भनी सम्वन्धित मतदाताले वडा कार्यालयको सिफारिस सहित प्रदेश निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालयमा निवेदन गर्न आएमा मतदाता परिचयपत्र उपलब्ध गराउने प्रयोजनका लागि निशुल्क रुपमा सिफारिस गर्न सबै स्थानीय तहमा परिपत्र गर्ने ।

(ख) यसैगरी आयोगबाट मिति २०७८/११/०५ मा सरोकारवाला स्वयंले आफ्नो वडा कार्यालयको सिफारिस सहित मतदाता नामावली रहेको सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिने भन्ने निर्णय भएकोमा वडा कार्यालयको सिफारिस सहित सम्बन्धित मतदाता स्वयं उपस्थित भइ निवेदन दिएमा वा वडा कार्यालयको सिफारिस सहित इमेल वा फ्याक्स वा अन्य विधि मार्फत समेत प्रदेश निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालयमा निवेदन पठाएमा सो निवेदन समेत दर्ता गरी प्रक्रिया अगाडि बढाउन निर्वाचन कार्यालयलाई निर्देशन दिने ।

( सूर्यप्रसाद अर्याल )
सहायक प्रवक्ता